घोडाघोडी नगरपालिका

# विधायन समितिको

## वार्षिक प्रतिवेदन २०८३

प्रस्तुतकर्ता
समिति सदस्य श्री रत्न संज्याल

२०८३ असार १० गते

# विधायन समिति वार्षिक प्रतिवेदन २०८३

**सभाध्यक्ष महोदय,**

घोडाघोडी नगरपालिकाको २३ औ नगर सभाको यस गरिमामय सभामा विधायन समिति को संयोजकको अनुपस्थितिमा समितिको सदस्यको हैसियतले प्रतिवेदन प्रस्तुत गर्न उपस्थित भएको छु ।

**सभाध्यक्ष महोदय,**

संविधानले ३ तहको राज्यको परिकल्पना गरेसगैं स्थानीय तहलाई दिएको अधिकार र कार्यसुचि भित्र रहेर स्थानीय सरकारले तर्जुमा गरेका नीति कार्यक्रम र बजेटलाई कार्यान्वयनको चरणमा सहजिकरण सरलता एकरुपताका साथै थप उद्देश्यमुलक र उपलब्धिमुलक बनाउन  नगरसभाको कार्यप्रणाली लाई व्यवस्तित गर्नन बनेको विधायन समितिको गठन तथा सञ्चालन नियमावली २०७९ वमोजिम समिति गठन भई समितिले आफनो काम गरिरहेको व्यहोरा अनुरोध छ ।

विगतका दिनहरुमा पनि हामिले थुप्रै कानुनहरु निर्माण गरि कार्यान्वयन गरिसकेका छौं र कतिपय कानुन कार्यान्वयनको चरणमा छन। यद्यपि अझै पनि थुप्रै कानुन निर्माण गरि कार्यान्वयन गर्नुपर्ने अवस्था छ । जुन कार्य द्रुत गतिमा अघाडि वढिरहेको छ ।

**सभाध्यक्ष महोदय,**

विधायन समितिले मस्यौदा निर्माण गर्नुका लक्ष्य उद्देश्यहरु निम्न अनुसार छन्

- नेपालको संविधानले परिकल्पना गरेको संघ, प्रदेश, र स्थानीय सरकारको कार्यान्वयन गर्नु ।
- स्थानीय तहलाइ संविधान प्रदत अधिकार क्षेत्रमा आफै कानुन बनाई लागु गर्ने सु अवसरको उपयोग गर्नु
- स्थानीय आवश्यकतालाई व्यवस्थित गरि कानुनी राज्यको परिकल्पनालाई साकार बनाउनु
- बजेटको उचित कार्यान्वयन गर्नु
- योजना कार्यान्वयमा सरलता र सहजता स्थापित गर्नु
- लक्षित कार्यक्रमलाई उद्येश्यमुलक तथा उपलब्धिमुलक बनाउनु
- सर्वसाधारण को समान पहुच स्थापित गर्नु
- सवल, सक्षम, सुशासनयुक्त, पारदर्शि, जवाफदेहि नगरको रुपमा नगरपालिका लाई स्थापित गर्नु
- वजेटको सदुपयोग गर्नु।

**सभाध्यक्ष महोदय,**

घोडाघोडी नगरपालिकाले हालसम्म थुप्रै कानुहरु निर्माण गरिसकेको जस मध्येः

ऐन सङख्याः ३१ वटा

नियमावली,कार्यविधि,मापदण्ड,निर्देशिका सङख्याः६३ वटा

**सभाध्यक्ष महोदय,**

चालु आ.व. २०८२-०८३ मा समितिले गरेका मुख्य कामहरु प्रस्तु गर्न चाहन्छु ।

- यस वर्ष समितिको ३ पटक वैठक वसि विभिन्न विषयबमाथि छलफल तथा सुझावहरु दिएको छ।
- आर्थिकविधेयक २०८३, विनियोजन विधेयक २०८३ को मस्यौदा माथि छलफल गरि आवश्यक सुझाव सहित पठाईएको छ ।
- सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार सम्वन्धी विधेयक, २०८३ को मस्यौदा माथि छलफल गरि आवश्यक सुझाव सहित पठाईएको छ ।

**सभाध्यक्ष महोदय,**

स्थानीय सरकारले थुप्रै कानुनहरु निर्माण गर्नु पर्ने भएता पनि विविध कारण (कर्मचारीको अभाव, परामर्शदाताको अभाव, नमुना कानुन समयमै प्राप्त नहुनुले गर्दा कानुन निर्माणमा सहजता भएको छ ।

विधायन समितिबाट सिफारिस गरिएका कानुन निर्माण गरेर समयमै स्वीकृत गरि कार्यान्वयनको चरणमा ल्याउन नसकिएकोले,

संविधानले स्थानिय सरकारलाइ प्रदान गरेको अधिकारको उपयोग गर्दै बजेट, निति तथा कार्यक्रम, जनताको अपेक्षा र आशालाई मध्यनजर गर्दै प्राथमिकताको आधारमा कानुन निर्माण गरि साथै वनेका कानुनहरुको समय सापेक्ष संशोधन,गर्दै समयमै कार्यान्वयन गराइ, स्थानीय सरकारको अनुभुति दिलाउन मार्गदर्शन गर्नु विधायन समितिको अबको कार्य हुने छ ।

**धन्यवाद**

प्रस्तुतकर्ता
विधायन समिति सदस्य
श्री रत्न संज्याल